**ईश्वरपुर नगरपालिका,**
**नगर कार्यपालिकाको कार्यालय**
**ईश्वरपुर, सर्लाही**
**२ नं. प्रदेश, सर्लाही**

**आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी**
**सिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना**

दोस्रो पटक प्रकासित मिति : २०७५।०३।२८

ईश्वरपुर नगरपालिकाले आ.ब. २०७५/०७६ को लागि आन्तरिक आय संकलन गर्न तपसिल बमोजिम ठेक्का बन्दोबस्त गर्नु परेकोले ईच्छुक व्यक्ति तथा फर्मबाट देहाय बमोजिमका शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिन्छ ।

१. बोलपत्र फारम तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी सूचना प्रथम पटक प्रकासित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयमा यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।
२. खरिद गरेको बोलपत्र खरिद गर्ने अन्तिम मितिको भोलिपल्ट दिनको १२:०० बजेसम्म सिलबन्दी गरी खाम बाहिर विवरण प्रष्ट खुलाई यस कार्यालयमा छुट्टाछुट्टै दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा सोही दिन दिनको अपरान्ह २:०० बजे ईश्वरपुर नगरपालिका कार्यालयमा खोलिनेछ । बोलपत्रदाता तथा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।
३. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमश : लगतै कार्यालय खुलेको दिन हुनेछ ।
४. दर्ता भएका बोलपत्रहरु उपर बोलपत्र दर्ता हुने अन्तिम मितिको भोलिपल्ट निर्णय हुनेछ । केरमेट गरी सही नगरेको, सहीछाप नभएको म्याद नाघी पर्न आएको बोलपत्र स्वीकृ गरिने छैन ।
५. बोलपत्र दर्ता नेपाली नागरिक भए आफुले कबुल गरेको अङ्कको ५% र गैर नेपाली नागरिक भए आफुले कबुल गरेको अङ्कको १०% धरौटी रकम यस नगरपालिकाको नेपाल बैंक लिमिटेड, बयलवास शाखामा रहेको धरौटी खाता नं. १०९०३०००००००३००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा ७५ दिन म्याद भएको बिडबण्डको सक्कल प्रति बोलपत्र फारम साथ संलग्न राखी पेश गर्नु पर्नेछ ।
६. बोलपत्र दाताले भरेको कबुल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
७. ठेक्का वापत नेपाल सरकारलाई तिर्नु बुझाउनु पर्ने सबै कर ठेकेदारले बुझाउनु पर्नेछ ।
८. ठेक्का स्वीकृत भई किस्ता बन्दीमा रकम दाखिला गर्न चाहेमा पहिलो किस्ता सम्झौता गर्नु पूर्व र बाँकी किस्ताको रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।
९. समयमा किस्ता रकम नबुझाएमा बैंक ग्यारेन्टीबाट नगरपालिकाले किस्ता रकम असुलउपर गर्नेछ ।
१०. ठेकेदारले बोलपत्र फाराम साथ संलग्न दररेट अनुसार कर संकलन गर्नु पर्नेछ ।
११. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगर कार्यपालिका कार्यालयमा निहित रहनेछ ।
१२. ठेक्का चलन ठेक्का सम्बन्धी कबुलियतनामामा र पट्टा बमोजिम मात्र गर्न पाईनेछ । कानूनले निषेध गरेको सामग्रीमा कर तथा सेवा शुल्क असुल गर्न पाईने छैन ।
१३. बोपत्रदाता र नगरपालिका कार्यालय बिच कुनै किसिमको मत भिन्नता उत्पन्न भए नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
१४. यस सूचनामा उल्लेख नभएका कुराको हकमा स्थानीय सरकार संचालन ऐन-२०७४, सार्वजनिक खरिद ऐन/नियमावली, स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र अन्य प्रचलित कानून अनुसार हुनेछ । थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| बोलपत्र नं. | ठेक्काको किसिम | न्यूनत्तम ठेक्का अङ्क रू. | बोलपत्र फारम दस्तुर रू. |
|---|---|---|---|
| ३५/२०७४-०७५ | महेन्द्र बजारको गोरु बजार वडा नं. ६ | ३०,४६,०००।०० | ३,०००।०० |